परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक



राष्ट्रपति पौडेल असोज ८ गते जनकपुरधाम आउँदै

• वर्ष २ • अंक १११ • २०८० असोज ४ गते बिहिबार • (21-Sept-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com

**श्रीमती र आमालाई सुन ल्याउँदाको सास्ती**

## किलोका किलो सुन छिर्ने एयरपोर्टमा महोत्तरीका प्रमोद र पुनमदेवीलाई दिइएको दु:खको दर्दनाक कथा


प्रमोद महतो
विनोद महतो

■ टक नेपाल

काठमाडौं । पुनमदेवी महतो कोइरी भदौ २९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय सिनामंगलको गेटमा बसेर कार्यालय प्रमुख टेकराज पाण्डेलाई कुरिरहेकी थिइन् । काखमा दूधे बालक थिए । महोत्तरीको भंगाहा नगर पालिका- १ बिर्ताबाट देवर विनोदकुमार महतो कोइरीलाई साथमा लिएर काठमाडौं आएकी रहिछन् । पुनमदेवी यसरी काठमाडौं धाएको पहिलो पटक हैन, १० पटक भइसकेछ । गाडीबाट सिधै सिनामंगल ओर्लेकी उनी कार्यालय प्रमुख आउने प्रतीक्षा गरेर गेटमा कुरिरहेकी थिइन् । करीब १० बज्नै लाग्दा प्रमुख भन्सारक पाण्डे आइपुगे । पुनमदेवी पनि पाण्डेको कार्यकक्षतर्फ लागिन् । पाण्डेको कार्यकक्ष अगाडि सचिवालयमा पुगेर भेटका लागि नाम टिपाइन्, तर ४ घण्टा कुर्दा पनि उनको पालो आएन । विभिन्न व्यक्ति आए, गए । खाजा खाने समयसम्म पनि उनलाई बोलाइएन । कहिले यता, कहिले उता गर्दै भौँतारिएकी पुनमदेवी लाई कसैले वास्ता गरेनन् । त्यसपछि दिउँसो करीब ३ बजे रुँदै उपसचिव नारद गौतमको कार्यकक्षमा छिरिन् । गौतमले सान्त्वना दिने प्रयास त गरे, तर काम हुने कुरा गरेनन् । त्यहाँ पनि उनी निराश नै भइन् । कुरा रहेछ, अघिल्लो दशैंताकाको। कतारमा काम गर्ने उनका श्रीमान प्रमोद महतो कोइरी दशैंको १० दिनअगाडि कतारबाट नेपाल आएका थिए । विश्वकप फूटबलका कारण कम्पनीले ३ महिना बिदा दिएको थियो । विदेश जाँदा श्रीमतीको ३ तोला गहना बेचेर गएका उनले फर्किंदा श्रीमती र आमाका लागि भनेर ५० ग्राम (साढे ४ तोला) सुन ल्याएका रहेछन् । 'विदेश जाँदा बेचेको सुन फिर्ता गर्छु भनेर मलाई ३ तोला र आमालाई २ तोला सुन ल्याइदिनुभएको थियो,' पुनमदेवीले भनिन् । तत्कालीन समयमा पुरुषले पनि विदेशबाट ५० ग्रामसम्म सुन ल्याउन पाउने व्यवस्था थियो । भन्सारले चेकजाँच गरेर छाडिसकेपछि प्रहरीले उनलाई पक्राउ गऱ्यो । 'भन्सारले केही भनेन, त्यहाँबाट निस्केपछि एउटा प्रहरीले हातमा किन लगाएको, गोजीमा हाल भने पछि उहाँले हाल्नुभएको रहेछ । बाहिर ट्याक्सी कुर्ने ठाउँमा आएपछि अर्को प्रहरीले गोजीमा चेक गरेर तस्कर भन्दै समाएछ,' पुनमदेवीले गुनासो पोखिन् । उनका अनुसार प्रहरीले ४ दिन प्रहरी वृत्त गौशालामा राखेपछि प्रमोदलाई भन्सार कार्यालय सिनामंगलमा बुझाएको थियो । त्यसपछि मात्र घरमा फोन सम्पर्क भएको थियो । धरौटीको पैसा राख्नका लागि पुनमदेवीका देवर अर्थात प्रमोदका भाइ विनोदकुमार महतो कोइरीले 'सानाकिसान' बाट जग्गा धितो राखेर ४ लाख रुपैयाँ निकालेको बताए । 'दाइले मलाई प्रहरीले समायो, धरौटीका लागि ४ लाख रुपैयाँ चाहियो भनेपछि साना किसानबाट ऋण खोजेर धरौटी तिरेका हौं,' विनोदले भने । त्यसयता विनोद र पुनमदेवी भन्सार कार्यालय धाएको धायै छन् । आफूहरू १० पटक तारे खमा आइसकेको विनोदले बताए । शुरूमा दाजुले तारेख धाएको र पछि आफूलाई वारेस बनेर तारेख धान्ने अनुमति दिइएको उनले बताए । तत्कालीन भन्सार प्रमुख अरुण पोखरेलले प्रमोदलाई विदेश जान अनुमति दिएपछि २०७९ साल माघ महिनादेखि हरेक महिना तारिख धाउन विनोद आइरहेका छन् ।

-बाँकी पृष्ठ २ मा

## संविधान दिवसको अवसरमा महोत्तरीबाट १३ जनाको कैद माफी मिनाहा




■ बिबेक कुमार महतो

महोत्तरी । संविधान दिवसको अवसरमा आज महोत्तरी जिल्ला कारागारबाट १३ जना कैदीको कैद माफी गरिएको छ । विभिन्न मुद्धामा अदालतबाट दोषी ठहर भई सजाय काटिरहेका ५० प्रतिशत कैद अवधि पुरा गरेको १२ जना र ४० प्रतिशत कैद अवधि पुरा गरेको १ जना गरी जम्मा १३ जना कैदिको कैद संवैधानिक व्यवस्था अनुसार सरकारले माफी मिनाहा गरेकोले रिहा गरिएको कारागार कार्यालय महोत्तरीले जनाएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषदको २९ भदौको सिफारिस अनुसार ३ असोज देखि लागू हुने गरी ६७० जनाको कैद माफी गरिएकोमा महोत्तरी कारागारबाट १३ जना कैदीको कैद माफी भएको कारागार कार्यालय महोत्तरीले जनाएको छ ।

## बर्दिवासमा मनायो संविधान दिवस

■ रोशन कुमार महतो

बर्दिबास । महोत्तरीको बर्दिवास नगरपालिकाले संविधान दिवसको अवसरमा प्रभातफेरी कार्यक्रम आयोजना गरेको छ । नगर पालिका कार्यालयदेखि बर्दिवास बजारको मुख्य चौक हुदै सिन्धुलरोडसम्म प्रभातफेरी गरिएको हो । कार्यक्रममा नगर प्रमुख, उपप्रमुलगायत जनप्रतिनिधिहरु र कर्मचारीको




सहभागिता रहेको थियो । संविधान दिवस, २०८० देशभर विभिन्न कार्यक्रम गरी मनाइँएको छ ।

-बाँकी पृष्ठ ३ मा







टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक
२०८० असोज ४ गते बिहिबार

## ....सम्पादकीय

## दलीय गतिविधि संविधान कार्यान्वयनको बाधक

संविधानसभाबाट संविधान जारी भएको आज आठ वर्ष पुगेको छ । २०७२ असोज ३ मा संविधान जारी भएसँगै नेपालले प्रत्येक वर्षको असोज ३ लाई संविधान दिवसका रुपमा मनाउँदै आएको छ । संघीय संविधान निर्माणसँगै त्यसको मर्म र भावनानुसार स्थानीय, प्रदेश र संघीय तीनै तहको निर्वाचन भएर सरकार सञ्चालनमा छन् । तर यी सरकारहरुले जनताको भावना र संविधानको मर्म अनुसार काम गर्न सकेका छैनन् । नयाँ संविधान जारी भएपछि यी तीनै तहको निर्वाचन दुईपटक भएर जनप्रतिनिधिले काम गरिसके पनि संविधानमा निर्दिष्ट नागरिक अधिकार प्रत्याभूति हुन सकेको छैन । संविधान कार्यान्वयन गर्ने मुख्य जिम्मेवार राजनीतिक दलहरुबाटै यसको रक्षा र पूर्ण कार्यान्वयनमा पटक-पटक धावा बोलिएको छ । नागरिकको मौलिक हक-अधिकारमाथि हमला भइरहेका छन् । उनीहरुले पाउनुपर्ने न्यूनतम आवश्यकताहरु गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीका विषयमा संविधानले स्पष्ट पारे पनि राजनीतिक नेतृत्वको अक्षमताका कारण यी अधिकारबाट नागरिक वञ्चित हुनुपरेको अवस्था छ । संविधानको कार्यान्वयन कानुन र सार्वजनिक नीति निर्माणमार्फत गर्नुपर्नेमा अहिलेसम्म जनताका कानुन बन्न सकेका छैनन् । स्थानीय, प्रदेश र संघीय सरकारबीच असमझदारी बढेका छन् । प्रदेश आफ्नो अधिकार प्रयोग गर्न नपाएको गुनासो गरिरहेको छ भने स्थानीय तहले बनाएका कतिपय कानुनहरु संघीय कानुन नबन्दा कार्यान्वयनमा ल्याउन सकेको छैन । प्रदेश र संघले बनाउनुपर्ने कानुनहरु आठ वर्षमा समेत बनाउन नसक्नु राजनीतिक नेतृत्वको अक्षमता हो भनेर ठोकुवा गर्न कुनै अप्ठेरो मान्नुपर्ने अवस्था छैन । सरकारमा रहेका पक्षले नै आफैँ गल्ती गरेर दोषजति अरुतिर तेर्स्याउनाले यस्ता समस्या पैदा भएका हुन । सर्प देख्दा दुलोबाहिर हात, माछा देखे दुलोभित्र हात गर्ने दलहरुको द्वैधप्रवृत्ति नै नेपाली राजनीतिको सबैभन्दा खतरनाक प्रवृत्ति बनेर उदाएको छ । सत्ता राजनीतिलाई मात्रै केन्द्रभागमा राखेका दलहरुले आफ्नो पक्ष हुँदा संविधानमाथि 'कु' भए पनि ठीक ठान्ने र प्रतिकूल भए असंवैधानिक मान्ने भाष्य निर्माण गरिनु संविधान कार्यान्वयनमाथिको 'कु' हो । जिम्मेवार दलहरुको गैरजिम्मेवार तौरतरिकाले नागरिकहरु प्रताडित बनेका छन् भने संविधानको पूर्ण कार्यान्वयनको चुनौती पनि उनीहरु नै बन्न पुगेका छन् । सरकारबाट नै पटक-पटक संविधानमाथि गरिएको आक्रमणले पनि कार्यान्वयनमा सरकारकै हस्तक्षेप भएको देखिन्छ । सरकारका प्रधानमन्त्री र प्रदेश सरकारका मुख्यमन्त्रीबाटै संविधानमाथि 'कु' भएका घटना हामीसामु छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर दुई-दुईपटकसम्म संसद् विघटन गर्नु, संविधान कार्यान्वयनको मुख्य बाधक देखिन्छ । प्रधानमन्त्री स्वयंले आफूसँग अधिकार नहुँदा नहुँदै संसद् विघटन गर्ने अनि अहिले आएर कार्यान्वयनमा अरुलाई दोष देखाउनु असंवैधानिक, अव्यावहारिक र नाजायज थियो । त्यस्तै एक महिनाअघि मात्रै कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले बहुमत पुऱ्याउने नाममा सभामुख र सभाध्यक्ष गरेका व्यक्तिलाई मत हाल्न लगाएर संविधानमा नभएको व्यवस्था प्रयोग गर्नु संविधानको मर्ममाथि प्रहार हो । पटक-पटक भएको संसद् विघटन र सभामुख वा सभाध्यक्षलाई मत विभाजनमा गणना गरेर बहुमत पुऱ्याउने कुरा सही भन्ने नेताहरुले नै संविधान कार्यान्वयन हुन सकेन भन्ने तर्क गर्नु आकाशतिर फर्केर थुक्नुसरह हो । यसकारण सरकारदेखि राजनीतिक दलहरुसम्मले संविधान कार्यान्वयनमा भन्दा पनि संविधानको हुर्मत लिनेमा बढी कसरत गरेको देखिन्छ । अतः संविधानको पूर्ण कार्यान्वयन र नागरिक अधिकारका सवालमा राजनीतिक दलहरु सचेत, जिम्मेवार र जवाफदेही हुनु जरुरी छ ।

# धानमा रोगको प्रकोप, किसान चिन्तित

■ टक नेपाल



रौतहट । रौतहटमा किसानले लगाएका धानखेतीमा गबारो, पातबेरुवा र ब्लास्ट रोगको प्रकोप देखिएको छ। गबारोको प्रकोपले धानका गुभो मर्न थाले पछि किसान चिन्तित बनेका छन्। रोगको प्रकोप देखिएपछि यो वर्ष धान उत्पादनमा कमी आउन सक्ने कृषि ज्ञानकेन्द्र रौतहटले जनाएको छ । रौतहटमा ९८ प्रतिशत किसानले व्यावसायिक रूपमा धानबाली खेती गर्दै आएका छन्। रौतहटमा रोगले व्यापक क्षति गरेकाले यो वर्ष धान उत्पादनमा कमी आउन सक्ने कृषकहरूको भनाइ छ । अन्य वर्षभन्दा यो वर्ष छिटै मनसुन सक्रिय भई पानी परेकाले किसानले सुरुमा गोडमेल गरेको धानमा आवश्यकताभन्दा बढी युरिया मल प्रयोग गरेकाले रोगको प्रकोप देखा परेको कृषि ज्ञानकेन्द्र रौतहटका अधिकृत विप्लवकुमार गुप्ताले बताए । सुरुमा रौतहटको उत्तरी भेगदेखि दक्षिणी भेगसम्म सरेकाले किसान पीडित भएका हुन् । जिल्लाका अधिकांश ठाउँमा यो रोग देखा परे पनि क्षतिको यकिन हुन सकेको छैन । धानमा रोग देखा परेपछि किसानले आफैं निदान गर्दै आएका छन्। कृषि प्राविधिकले पनि रोग निदानका लागि औषधि छर्किन सल्लाह सुझाव दिएका छन् । रौतहटका किसानले बढी मात्रामा सोना मन्सुली खेती गर्ने भएकाले यो धानबालीमा बढी मात्रामा गबारो, पात बेरुवा र ब्लास्ट रोग लाग्ने गरेको कृषि ज्ञानकेन्द्र रौतहटका अधिकृत तथा सूचना अधिकृत गुप्ताले बताए । गबारो धानमा लाग्ने शत्रुजीव कीरा हो। धानमा गाँज आउने देखि लिएर फूल फुल्ने वा बोटको वयस्क अवस्थासम्म यसले आक्रमण गरी ठूलो क्षति पुऱ्याउने गरेको किसानको गुनासो छ । कीराको प्रकोप तीव्र रूपमा फैलने भएकाले धानका बोट केही दिनमा नष्ट हुने गरेको किसानको भनाइ छ। अधिकृत गुप्ताका अनुसार कीराको सङ्क्रमणले अहिले धानका बोट मर्दै गएका छन्। यसरी बोट मरेमा उत्पादनमा कमी आउन सक्ने सम्भावना बढेको छ । गबारो कीराको सङ्क्रमण देखिँदा किसानले समयमा ध्यान दिए रोकथाम गर्न सक्छन्। यसका लागि रासायनिक विषादीको प्रयोग तथा सूक्ष्मतत्वको प्रयोग गर्न अधिकृत गुप्ताले सुझाव दिए । रौतहटमा कुल ३५ हजार ४ सय हेक्टरमा धान खेती गरिएको छ ।

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।




# किलोका किलो सुन छिर्ने एयरपोर्टमा...

'मेरा परिवारले तारिख बोक्न पाउँछन् कि पाउँदैनन् ? भन्दा पोसपोर्ट दिन्छु, निवेदन देऊ भनेपछि दाजुले निवेदन दिएर अनुमति पाएपछि विदेश जानुभएको थियो,' विनोदले भने । त्यो समयमा अरुण पोखरेलले धेरै तारिख बोक्नुनपर्ने र मुद्दा पनि जिताइदिने भन्दै तारिख दिइरहेका थिए । 'तिमीहरू मुद्दा जित्छौ, म जाने बेलामा फैसला गर्दिन्छु भनेर अरुण सरले भन्नुभएको थियो,' विनोदले भने, 'तर केही नगरी जानुभयो ।' तर, अहिले कुरा फेरिएको छ । उनका अनुसार अहिलेका प्रमुख भन्सारक पाण्डेले 'तिमीहरूले मुद्दा पनि जित्दैनौं, तारिख पनि दिँदैनौं' भन्ने गरेका छन् । 'हामीले पाण्डे सर (टेकराज पाण्डे)लाई मुद्दा टुंगो लगाइदिनुपऱ्यो भन्दा तिमीहरूले मुद्दा जित्दैनौ भनेर फकाउनुहुन्छ, न त तारेख नै दिनुहुन्छ,' उनले गुनासो गरे । भन्सार कार्यालयका कर्मचारीले त्यो समयमा सर्वोच्च अदालतले वैदेशिक रोजगारीमा गएकाले ल्याएको सुन भन्सारले राख्न नपाउने फैसला गरेकाले जिताइदिने कुरा गरेको बताए । 'अदालतले फैसला गरेको थियो, त्यसैले जिताइदिन्छु भन्नुभएको होला, तर अहिले त्यस्तो अवस्था छैन,' एक कर्मचारीले भने । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारका प्रवक्ता नारद गौतमले उनीहरू तारिख लिन आइरहेको तर, त्यो समयमा प्रहरीले बुझाएको केस भएकाले सजिलै फैसला हुन नसक्ने अवस्था रहेको बताए । 'उहाँहरूको केस जित्ने अवस्था छैन, तर फैसला गर्न ढिला भएको चाहिँ हो,' गौतमले भने, 'अब छिट्टै फैसला हुन्छ होला ।' तत्कालीन प्रमुख अरुण पोखरेलले मुद्दा जिताउने भनेर बोल्न नमिल्नेमा बोलेका कारण अहिले समस्या भएको अर्का एक कर्मचारीले बताए । 'मुद्दा फैसलाको विषय सुनुवाइ हुनुभन्दा अगाडि बोल्न मिल्दैन, तर उहाँले बोल्नुभएका कारण समस्या भएको हो,' ती कर्मचारीले भने, 'त्यसैका कारणले उहाँ (पुनमदेवी)हरूले आश गरेर बस्नुभएको छ, तर फैसला उहाँहरूको पक्षमा आउने देखिँदैन ।' हरेकपटक आउँदा केही नभनी तारेख मात्र बोकाउने गरिएको विनोदको गुनासो छ । उनले आफूहरूलाई पटक-पटक बोलाउँदा आर्थिक भार थपिएर समस्या भएको बताए । 'अहिलेसम्म प्रत्येक महिना आउँदा १ लाख ५० हजार खर्च भएको छ, अझ धेरैपटक आउनुपऱ्यो भने झन् समस्या हुन्छ,' विनोदले गुनासो पोखे । आफूहरूलाई अनावश्यक दुःख दिइएको र पटकपटक काठमाडौं धाउन बाध्य पारिएको उनको दुःखेसो छ ।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्
सम्पर्क नम्बरहरु
९८०७८२१०१४, ९८६३२१०१४
९८०४८०४७००
टक नेपाल राष्ट्रिय दैनिक पत्रिका

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अरूका काममा धेरै समय खर्चनुपर्ला। | तुला | बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। |
| बृष | दिन मनोरञ्जनपूर्ण रहनेछ। आतिथ्यपूर्ण सम्मानका साथ मित्रताको बन्धन कसिलो हुनेछ। व्यापार बढ्नेछ। | वृश्चिक | पहिलेको सफलताले थप हौसला जगाउनेछ। |
| मिथुन | रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। | धनु | बेलामा होस नपुर्याउँदा केही अप्ठ्यारा चुनौती आउन सक्छन्। |
| कर्कट | अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। | मकर | आँटले काम सम्पादन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। |
| सिंह | हडबड गर्नाले काम बिग्रन सक्छ। साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइएला। | कुम्भ | राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ। |
| कन्या | आवश्यक पर्दा सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। | मीन | मिहिनेत परे पनि प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# स्वास्थ्य क्षेत्रमा धेरै सुधारको काम गरेका छौँ : स्वास्थ्यमन्त्री बस्नेत

■ टक नेपाल

काठमाडौँ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य क्षेत्रमा मन्त्रालयले धेरै सुधारको काम गरेको बताउनुभएको छ । मिर्गौलाका बिरामीलाई जुटाएको सहयोग हस्तान्तरण गर्ने कार्यक्रममा आज सहभागी हुँदै उहाँले स्वास्थ्य क्षेत्रमा लामो समयदेखिका यथावत समस्या समाधान गर्न सफल भएको दाबी गर्नुभयो । उहाँले विभिन्न बहानामा केन्द्रमा मात्र समिति चिकित्सकलाई देशका विभिन्न विकट स्थानमा खटाएको बताउनुभयो । उहाँले चिकित्सकको दरबन्दी बढाउनका लागि मन्त्रालय लागि परेकोसमेत जानकारी दिनुभयो । “अहिले अधिकांश डाक्टर गाउँ गइसक्नुभएको छ”, मन्त्री बस्नेतले भन्नुभयो, “चार भागमा एक भागमात्र कर्मचारी छन, दरबन्दी बढाउनका लागि सरकारले बजेट व्यवस्था गरेको छ तर यो बीचमा विशेष बजेटको व्यवस्था गराएर दरबन्दी बढाउने कुरामा मन्त्रालय लागि परेको छ ।” उहाँले अधिकांशचिकित्सक र स्वास्थ्यकर्मी सुविधासम्पन्न ठाउँमा बस्ने, गाउँ नजाने, काजमा बस्ने, भनसुनका आधार मा बस्ने र मेडिकल बोर्डको सिफारिसमा १६ वर्षसम्म काठमाडौँमै बस्ने प्रवृत्तिलाई नियन्त्रण गरेको बताउनुभयो । उहाँले मेडिकल बोर्डलाई जथाभावी सिफारिस नगर्न निर्देशन दिएको बताउनुभयो । मन्त्री बस्नेतले दुवै मिर्गौला पीडित भोटेकोशी गाउँपालिका -४ नारायणथानका निवासी तेम्बा छिरिङ शेर्पालाई निःशुल्क उपचारको व्यवस्था गर्ने मन्त्रीबस्नेतलेप्रतिबद्धता गर्नुभयो। उहाँले भोटेकोशी गाउँपालिकाकै ज्ञानबहादुर श्रेष्ठको मिर्गौला प्रत्यारोपणका लागि सहयोग गर्न बताउनुभयो । उहाँले भन्नुभयो, “तपाईहरुले मिर्गौला दिने व्यवस्था गर्नुहोस् । निःशुल्क उपचारको व्यवस्था सरकारले गर्नेछ ।” मन्त्री बस्नेतले उपचारका लागि सङ्कलन गरिएको रु १२ लाख २६ हजार बिरामीलाई हस्तान्तरण गर्नुभएको हो। स्वयम्भूस्थित नेपाल बुद्ध धर्म सेवा सङ्घमा आयोजना गरिएको भेलामा उहाँले अमेरिका, कोरिया, जापानलगायतका देशमा कार्यरत सिन्धुपाल्चोकवासीबाट सङ्कलन गरिएको रु ११ लाख ८६ हजार र स्थानीयवासीबाट सङ्कलित ४० हजार गरी जम्मा १२ लाख २६ हजार बिरामीलाई हस्तान्तरण गर्नुभयो । उहाँले डायलासिस गराइरहनुभन्दा जति सक्दो चाँडो मिर्गौला प्रत्यारोपण गराउने राम्रो विकल्प भएको बताउँदै उहाँले प्रत्यारोपण गरे पछि सरल तरिकाको जीवन जिउन सकिने बताउनुभयो । भोटेकोशी गाउँपालिका अध्यक्ष पासाङ नुर्पु शेर्पाले स्वास्थ्य आपत्कालीन कोष खडा गरेर स्थानीयको उपचारमा सहयोग पुऱ्याउने जानकारी दिनुभयो ।

# बर्दिवासमा मनायो संविधान.........

देशभरका सरकारी तथा निजी कार्यालय, विदेशस्थित कूटनीतिक नियोग, राजनीतिक दल, नागरिक समाज, संघ-संस्थालगायतले विभिन्न कार्यक्रम गरी संविधान दिवस मनाउँएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले २०७२ असोज ३ गते संसदबाट ‘नेपालको संविधान २०७२’ जारी भएको घोषणा गरेका थिए। संविधानसभाको अध्यक्षका रूपमा स्वर्गीय सुवासचन्द्र नेम्वाङ थिए । संविधान निर्माण भएर कार्यान्वयनमा आएको आठ वर्ष पूरा भएको छ । संघीयता, धर्म निरपेक्षता, समाजवादोन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालगायतका नयाँ व्यवस्था राखिएको यो संविधान जारी हुँदा संविधानसभाको प्रक्रियामा सहभागी दलका पाँच सय ३७ जना सभासदले हस्ताक्षर गरेका थिए। ‘नेपालको संविधान, २०७२’ मा ३५ भाग ३०८ धारा र ९ अनुसूची रहेका छन् । यस दिवसको अवसरमा बर्दिवास नगरपालिकाले विद्यालयमा वृक्षारोपन कार्यक्रम, रक्तदान कार्यक्रम र फुटवल कार्यक्रम गरी विभिन्न कार्यक्रम मनाउने नगर प्रमुखको सचिवालयले बताए । प्रभात फेरी कार्यक्रमको सम्बोधन गदै बर्दिवास नगरपालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीले यस दिवसको अवसरमा सम्पूर्ण नगर वासिलाई शुभकामना दिनुभयो । वहाँले भन्नु भयो , “इतिहासमैं प्रथम पटक जनप्रतिनिधि सम्मिलित संविधानसभाबाट २०७२ अशोज ३ गते नेपालका प्रथम राष्ट्रपति रामवरण यादवले “नेपालको संविधान २०७२” लाई हस्ताक्षर गरी अनुमोदन गरेसंगै जनताले चुनेका जनप्रतिनिधिमार्फत संविधान बनाउने ६५ वर्ष पुरानो जनताको आकांक्षा साकार भएको थियो । हजारौं नेपालीहरुको वलिदान, त्याग, तपस्या अनि पसिनाले ल्याइएको यस नेपालको संविधान २०७२ वास्तवमै फलदायी अनि शुभ सावित भएको हामिसबैलेमहसुस गरेका छौ । यस शुभ अवसरमा बर्दिबास नगरपालिका लगायत स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै सहिदहरूले देखाएको सत्य र न्यायको मार्गमा हिँड्न तथा उहाँहरूले देखेको सुन्दर र समृद्ध नेपालको सपनालाई साकार पार्न हामी सबैलाई यस अवसरमा प्रेरणा मिलोस् भन्ने शुभकामना दिनु भयो ।

# नदी प्रणाली व्यवस्थापनमा सहकार्य अपरिहार्य

■ टक नेपाल



महोत्तरी । चुरे पहाडी शृङ्खलाबाट निस्कने नदी व्यवस्थापनमा आपसी सहकार्यमा विज्ञहरुले जोड दिएका छन् । बर्दिबासमा आज सम्पन्न ‘चुरे पर्वत शृङ्खलाका नदी प्रणाली संरक्षणका चुनौती र यात्रा’ विषयक छलफलमा चुरे विज्ञहरुले नदी व्यवस्थापनमा एक्लो कुनै प्रयत्न परिणाममुखी नहुने बताएका हुन् । “चुरे पर्वत श्रेणीबाट निस्कने नदी व्यवस्थापन तीनै तहका सरकारको समन्वय र समान चासो हुनपर्छ”, कार्यक्रममा कार्यपत्र नै प्रस्तुत गर्नुभएका चुरे विज्ञ अजय दीक्षितले भन्नुभयो, “चुरे संरक्षण र यसका शृत लाबाट निस्कने नदी व्यवस्थापनको पक्ष मधेसमात्र नभएर भित्रीमधेसको जीवनसँग पनि गाँसिएको छ, त्यसैले प्रदेश र सम्बद्ध स्थानीय तहबीच सङ्घीय सरकारले मुख्य समन्वयकारी भूमिका निभाउनुपर्छ ।” यसपालि मधेसका धेरै जिल्लामा खानेपानीको सङ्कट बढ्नुमा चुरे र वनजङ्गलको विनाश, नदी व्यवस्थापनमा उदासीनता र जतातते बढेको अनियन्त्रित उत्खनन मुख्य कारण रहेको विज्ञहरुको मत छ । “मधेसका कैयन जिल्लाका सुदूर दक्षिणी भेगसम्मका खानेपानीका स्रोत (इनार, चापाकल र बोरिङ) का मुहान यसपालि सुके, खेतीपातीको कुरा छाडौँ, खानेपानीकै हाहाकार पऱ्यो, यी समस्यामा मुख्य कारण नै चुरे, वनजङ्गल र नदीनालाको अनियन्त्रित दोहन हुन्”, कार्यक्रमका सहभागी बर्दिबास-५ का बासिन्दा चुरे विज्ञ वाणिकराज काफ्ले भन्नुहुन्छ, “अब पनि नचेत्ने हो भने केही वर्षभित्रै मधेसको खेतीपाती चौपट हुन्छ ।” विगतमा नेपाल सरकारको सेवामा सहसचिव स्तरको कृषि विज्ञ रहनुभएका काफ्ले पछिल्लो एक दशभित्रकै अवस्था हेर्ने हो भने जमिन मुनि पानीको उपलब्धता घट्दै गएको बताउनुहुन्छ । कार्यक्रममा विज्ञहरुले चुरेको माटो अत्यन्त खुकुलो भएको हुँदा बर्खामा यसबाट निस्कने नदीले गेग्र्यान बगाउँदै तलका उब्जाउ फाँट भर्छ । यसले उर्वराशक्ति घटाउनसँगै जमिन मरुभूमीकरण पार्दै लगेको र जमिनमुनिको पानीको सतह गहिरिँदै गएको विज्ञहरुको भनाइ छ । सो अवस्था अन्त्य गर्न चुरेका थुम्काहरुमा हुने उत्खनन बन्द गर्नुपर्ने, वन क्षेत्रको संरक्षण गर्नुपर्ने, चुरेबाट निस्कने नदीलाई ठाउँठाउँमा ड्याम बाँधेर गेग्र्यानमाथि नै निथार्नुपर्ने, नदी तथा नदीउकास जग्गामा भइरहेको जथाभावी उत्खनन नियमन गर्नुपर्ने र चुरे क्षेत्रमा पानी पुनर्भरणका पोखरी निर्माण गरिनुपर्ने चुरे विज्ञ दीक्षितको भनाइ छ । इन्स्टिच्युट फोर सोसल एन्ड इनभारोमेन्टल ट्रान्जिसन (आइसेट) नेपालको आयोजना तथा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासको संयोजनमा सम्पन्न कार्यक्रममा सामुदायिक वन उपभोक्ता समिति, यस क्षेत्रका खानेपानी व्यवस्थापन समिति, चुरे तथा जलाधार क्षेत्रमा कार्यरत सङ्घ संस्थाका प्रतिनिधि, सञ्चार कर्मी र विभिन्न सामाजिक सङ्घ संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा चुरे, वन र नदीनालासम्बद्ध विषयका योजना, परियोजना तथा यस क्षेत्रमा गरिने काममा सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारबीचको प्रत्यक्ष समन्वयबाट एकीकृत आयोजना सञ्चालन गरिन तीनै तहका सरकारलाई सुझाव दिइने निष्कर्ष लिइएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपालका अध्यक्ष नागदेव यादवले बताउनुभयो ।

# पठनपाठन अवरुद्ध गर्नेलाई कारबाही हुन्छ : बालेन्द्र साह

■ टक नेपाल

काठमाडौं । काठमाडौं महानगर पालिकाका प्रमुख बालेन्द्र साहले, स्कुल बन्द गरेर पठनपाठनमा अवरोध पुऱ्याउने लाई कानुनअनुसार कारबाही हुने चेतावनी दिएका छन् । बुधबार सामाजिक सञ्जाल फेसबुकमा प्रमुख साहले शिक्षा विधेयकमा आफ्नो पनि असहमति रहेको तर, विद्यालय संचालनमा अवरोध गर्न नहुने बताएका हुन् । सबै भूगोलको लागि एकै किसिमको शिक्षा ऐन जारी हुँदा आफ्नो पनि असहमति रहेको उनको भनाई छ । ‘झन्डै २ लाख ५० हजार हजार विद्यार्थी र दश हजारभन्दा धैरै शिक्षक हाम्रो मातहतमा छन्,’ उनले सामाजिक सञ्जालमा लेखेका छन्, ‘आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको एकल




अधिकारको रूपमा रहेकोले विद्यालय शिक्षा ऐन बनाउने अधिकार पनि स्थानीय सरकारमा निहित रहेको छ ।’ यसैगरी, उनले शिक्षा विधेयकमा असन्तुष्टि भएता पनि शिक्षकले स्कुल बन्द गरेर पठनपाठनमा अवरोध नपुर्याउन भनेका छन् । ‘शिक्षकले स्कुल बन्द गरेर पठनपाठनमा अवरोध नपुऱ्याउनुहोला,’ उनले लेखेका छन्, ‘यस्ता अवरोध पुऱ्याउनेलाई कानुनअनुसार कारबाही हुनेछ।’ स्थानीय तहले आफ्नो आवश्यकता अनुसार शिक्षा नीति बनाउने अधिकार समेत रहेको उनले उल्लेख गरेका छन्। यस्तै, बालेनले स्थानीय सरकारले प्रयोग गरिरहेको माध्यमिक शिक्षासम्मको विधायिकी र कार्यकारी अभ्यासबारे अदालतका फैसलाबाट समेत नजिर स्थापित भइसकेको स्मरण गराउन चाहेको बताएका छन्।







अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रुप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

# जनकपुरधाममा तमलोपाले मनायो कालो दिवस

■ टक नेपाल

जनकपुरधाम । मुलुकभरि संविधान दिवसको उत्सव मनाइर हँदा मधेस प्रदेशको राजधानी जनकपुरधाममा भने तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा)ले विरोधमा 'कालो दिवस' मनाएको छ । एक पक्षीय रुपमा संविधान जारी भएको भन्दै तमलोपाले संविधान दिवसलाई 'कालो दिवस'को रुपमा मनाएको हो । २०७२ मा संविधानसभाबाट जारी भएको नेपालको संविधानप्रति असन्तुष्टि जनाउँदै तमलोपाले बुधबार बिहान जनकपुरधामको विभिन्न चोकमा कालो झण्डा प्रदर्शन गरेको हो । जनकपुरधामको चोक-चोकमा कालो झण्डा प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी दमन गर्न खोजेको तमलोपाका केन्द्रीय सदस्य उमेश मण्डलले जनाए । उनले २०७२ सालमा संविधान जारी गर्दा मधेसमा ठुलो विरोध भएको भन्दै त्यतिबेला राज्यले नै प्रहरी प्रशासन लगाएर मधेसीको हत्या गरेको विरोधमा आफूहरुले अहिले प्रदर्शन गरेको बताए । नेता मण्डलले संविधानमा जनसंख्याको आधारमा मधेसलाई समानुपातिक सहितको राज्यको हरेक निकायमा पहुँच हुनुपर्ने, प्रदेश संरचना अनुसार प्रदेशलाई अधिकार सम्पन्न बनाउनु पर्ने लगायतका मागहरु आफूहरुले अघि सारेको बताए ।




# राष्ट्रपति पौडेल असोज ८ गते जनकपुरधाम आउदै

■ टक नेपाल

जनकपुरधाम । जनकपुरधाममा अर्को साता राष्ट्रपति रामचन्द्र पौडेलको नागरिक अभिनन्दन हुने भएको छ। राष्ट्रपति पौडेलको अभिनन्दन यही असोज ८ गतेका लागि तय भएको हो। जनकपुरधाममा राष्ट्रपतिको भ्रमण तथा नागरिक अभिनन्दन कार्यक्रमलाई भव्य र सभ्य बनाउन सबै दल सहमत भएका छन् । जनकपुरधाम उपमहानगर पालिकाको सभाकक्षमा मंगलबार भएको सर्वदलीय सर्वपक्षीय बैठकलेपौडेलको भ्रमणलाई व्यवस्थित बनाउनुका साथै नागरिक अभिनन्दनलाई भव्यरूपमा सफल पार्न सबै दल सहमत भएको उपमहानगर प्रमुख मनोज कुमार साहले जानकारी दिए। प्रतिनिधिसभा सांसद र प्रदेश सभा सदस्यसहितको मूल समिति र अन्य उपसमिति बनाएर राष्ट्रपतिको जानकी मन्दिरको पूजापाठदेखि नागरिक अभिनन्दनको तयारी गर्ने निर्णयसमेत गरिएको बताए।



'जनकपुरधाम विमानस्थलबाट जानकी मन्दिर र मन्दिरदेखि कार्यक्रमस्थलसम्म सडकको दुवै छेउमा राष्ट्रिय झण्डासहित उभिएर नागरिक अभिन्दन गर्न सबै दलले आफ्ना कार्यकर्ता र स्थानीय समाजलाई परिचालन गरिने निर्णय भएको छ', नगरप्रमुख साहले भने। नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले नागरिकताविहीन लाखौं युवाको समस्या समाधान गरी जनकपुरधाम आउन लागेका राष्ट्रपति पौडेललाई मधेशवासीले भव्य स्वागत गर्नुपर्ने प्रस्तावमा सबै दलले सहमति जनाएको बताए । बैठकमा कांग्रेसको तर्फबाट प्रतिनिधिसभा सांसद निधि र सांसद रामकृष्ण यादव तथा एमाले की जुलीकुमारी महतोसहित जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका प्रदेश तथा स्थानीय तहका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो।

# व्यक्तिगत तर्फबाट विश्वकर्मा मन्दिरमा मुर्ती स्थापना

■ टक नेपाल

गौशाला । महोत्तरीको गौशाला नगरपालिका - १० बटौवा स्थित विश्वकर्मा टोल रहेको विश्वकर्मा मन्दिरमा मुर्ती स्थापना गरिएको छ । गौशाला नगरपालिका वडा नं. १० का अध्यक्ष विष्णु कुमार महतोले आफ्नो व्यक्तिगत तर्फबाट विश्वकर्मा बाबाको मुर्ती स्थापना गरिएको हो । विश्वकर्मा मन्दिर निमार्ण भएको वर्ष दिन वितदा पनि मन्दिरमा मुर्ती नभएकाले पुजाआजा गर्न सहजताका लागि मुर्ती स्थापना गरिएको वडा अध्यक्ष महतोले बताए । बाजागाजा सहित सोमबार विशाल कलश यात्रा निकालेर मुर्ती स्थापना गरेका हो ।



## पर्स हराएको सूचना

विराटनगर महानगरपालिका वडा नं. २० बस्ने संदिप सुपा लिम्बु बर्दिबासको हात्तीलेट बाट गौशाला आउने क्रममा पर्स महत्वपुर्ण कागजात सहित (मोटरसाईकल नं. को २२ प ८५३८ को बिल्बुक, लाइसेन्स, कृषि विकास बैंकको आईडी कार्ड) हराएको हुदा भेट्नुहुने महानुभावले मोबाईल नं. ९८१७३०६५३७ मा सम्पर्क गरि जानकारी गरी दिनु हुन सबैमा अनुरोध छ । अथवा, नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध छ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मधेश प्रदेशकै एक मात्र प्रतिष्ठित सामुदायिक क्याम्पस

बर्दिबास जनता बहुमुखी क्याम्पस

मा शैक्षिक सत्र २०८०/०८१ को लागि BBS र B.Ed प्रथम वर्षमा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।

अध्यापन हुने सङ्कायहरु :

१. Management (अंग्रेजी र नेपाली माध्यम)
२. Education
→ Major English → Major Population
→ Major Nepali → Major Health
→ Major Math
३. Masters in Education Semester System
→ Nepali & Health

कक्षा सञ्चालन : २०८० भदौ १५ गतेदेखि
MBS Proposed

हाम्रा विशेषताहरु :

१. उत्कृष्ट तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने सफल सामुदायिक क्याम्पस
२. दक्ष तथा अनुभवी प्राध्यापकहरुद्वारा अध्ययन अध्यापन गराईने
३. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था
४. सुविधा सम्पन्न भवन तथा अनुशासित वातावरण
५. आन्तरिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई विशेष छुटको व्यवस्था
६. पुस्तकालयको राम्रो व्यवस्था भएको

विस्तृत जानकारीका लागि
9861018766, 9842876871
बर्दिबास न.पा.-१४, महोत्तरी

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुगेल, साजसज्जा : रोशन कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com